# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं.: ०७६/०७७/प्रशासन

च.नं.:

मिति : २०७७/०१/२४

## सहुलियतपूर्ण कर्जाको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

कोरोना संक्रमणको कारण उत्पन्न विषम परिस्थितमा युवाशक्तिलाई उत्पादनसँग जोड्दै स्वरोजगारतर्फ उन्मुख गराउन तिलोत्तमा नगरपालिकाको स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम विनाधितोमा सहुलियतपूर्ण कर्जा प्राप्त गर्न चाहने इच्छुक व्यक्तिले तपशीलका कागजात र परिधिभित्र रही मिति २०७७०२०५ गतेसम्म नगरपालिका कार्यालयमा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. तिलोत्तमा नगरपालिकाको स्थायी बासिन्दा खुल्ने प्रमाण (नागरिकतामा अन्यत्र स्थान उल्लेख भएको हकमा मात्र)

३. सम्बन्धित वडा कार्यालयबाट बेरोजगार तथा ऋण लगानीको लागि योग्य रहेको भन्ने सिफारिस

४. सञ्चालन गरिने उद्यम प्रस्ताव (कार्यविधिको अनुसूची ३ बमोजिम)

५. योजना कार्यान्वयन गर्ने संरचना (जग्गा, भवन) आफ्नो भएमा जग्गाको लालपूर्जाको प्रतिलिपि वा बहालमा भएमा कम्तिमा पाँच वर्षको बहालसम्झौता।

**कर्जा प्रवाहका प्राथमिकताका क्षेत्रहरु :**

१. तरकारी, फलफूल, पुष्प, च्याउ, जडिबुटी खेती

२. पशुपंक्षीपालन, मत्स्यपालन

३. नगदेबाली

४. घरेलु तथा कुटिर उद्योग

४. अन्य स्वरोजगारका क्षेत्रहरु।

**कर्जाको सीमा, धितो तथा ब्याजदर**

- कर्जाको अधिकतम सीमा चार लाखसम्म हुनेछ।
- ब्याज त्रैमासिक तथा कर्जा भुक्तानीको अवधि बढीमा ५ वर्षको हुनेछ।
- हाल ब्याज पुरुषको हकमा वार्षिक ४.५० प्रतिशत, महिलाको हकमा वार्षिक ३.५० प्रतिशत रहेको छ।
- व्यक्ति १८ वर्ष देखि ५० वर्षको साथै कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा नलिएको हुनुपर्नेछ। महिला, दलित, पिछडिएको वर्ग-समुदाय तथा विदेशबाट फर्केका, सम्बन्धित काममा तालिमप्राप्तलाई विशेष प्राथमिकता दिइनेछ।

**पुनश्च** : प्रस्ताव पेशको लागि दिइने निवेदनको ढाँचा तथा उद्यम प्रस्तावको नमूना नगरपालिकाको वेवसाइट www.tilottamamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२०७७/०१/२४

माधव प्रसाद